## उदय परियोजना अन्तर्गत लगानी समिति(Funding Committee)बैठक सम्पन्न

यस आर्थिक मामिला तथा योजना मन्त्रालय र उदय परियोजनाका सदस्यहरुको उपस्थितीमा लगानी समितिको समन्वय बैठक मिति २०८२/११/१२ गते आर्थिक मामिला तथा योजना मन्त्रालयका श्रीमान् सचिव कोषहरी निरौलाज्यूको अध्यक्षतामा सम्पन्न भयो। बैठकमा मन्त्रालयका तर्फबाट वित्त तथा वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा प्रमुख राज कुमारी राई ,बजेट तथा कार्यक्रम महाशाखा प्रमुख सुसिल बास्तोला ,राजस्व व्यावस्थापन शाखा प्रमुख विमल बास्कोटा,उद्योग कृषि तथा सहकारी मन्त्रालयका उपसचिव श्री पदम बहादुर ठकुराठी,नेपाल राष्ट्र बैंक का सहायक निर्देशक श्री सुनिल अधिकारी,स्वीस सरकार विकास सहयोग का प्रतिनिधि श्री आयुष राई,परियोजना सहजीकरण इकाई का टिम लिडर श्री अरुण राणा लगायत प्रतिनिधी हरुको उपस्थिति रहेको थियो। । बैठकमा देहायका विषयमा छलफल गरी निर्णय गरियो।

- कोशी प्रदेशमा आर्थिक विकासका लागि लगानी र नव प्रवर्तन-उदय परियोजनाको एक कम्पोनेन्टको रुपमा रहेको चुनौति कोषको कार्यान्वयनका लागि हालसम्म भएका कार्यहरुको संक्षिप्त प्रस्तुति पश्चात समीक्षा गरियो ।
- चुनौतिकोषबाट हुने लगानीका क्षेत्र तथा लगानीको सीमाका सम्बन्धमा थप अध्ययन गरी आगामी बैठकमा छलफल गर्ने निर्णय गरियो।